# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, साउन १० गते २०५४ साल (अतिरिक्ताङ्क २२

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरवारको सूचना १

माननीय उप-प्रधानमन्त्री तथा गृह मन्त्री श्री वामदेव गौतम प्राकृतिक प्रकोप राहत सम्बन्धी बैठकमा भागलिन २०५४ साल साउन ११ गते इण्डोनेशियातर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय महिला तथा समाज कल्याण मन्त्री श्रीमती सहाना प्रधानले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सलिम मिया अन्सारी जापानको ओसाका र टोकियोमा नेपाल भ्रमण वर्ष, ९८ सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रममा भागलिन २०५४ साल साउन ११ गते जापानतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय सूचना तथा संचार मन्त्री श्री झलनाथ खनालले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकताँ मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

350